# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# मोलुङ गाउँपालिका
# ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

(प्रदेश नं. १ )

पत्र संख्याः २०७८।७९

च.नं. ४१२

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

ओखलढुंगा ।

**कैफियतसहितको राय**

हामीले मोलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. ४ करोड ९० लाख ७२ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने रू. १० लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३७ लाख २७ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ४१ लाख ५ हजार र पेश्की रू. २ लाख ३८ हजार रहेको छ ।पालिकाको गत वर्ष ४ करोड ९५ लाख ९९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको रु ९ करोड ८१ लाख ८६ हजार अद्यावधिक बेरुजु रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मोलुङ गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | ९५ | ४९०७२ | ० | ० | ० | ४५ | ९५ | ४९०७२ | १००२ | १४१०५ | ३३७२७ | ० | ० | ४७८३२ | २३८ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोलुङ गाउँपालिका, ओखलढुंगा | ४९५९९ | ० | ४८५ | ४९११४ | ० | ४९०७२ | ९८१८६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मोलुङ गाउँपालिका, ओखलढुंगा , मोलुङ गाउँपालिका , ओखलढुङ्गा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | सरोज थापा | २०७८-१२-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सन्तोष गौतम | २०७७-१-२० | २०७८-१२-१० |
| लेखा प्रमुख | प्रवल घिमिरे | २०७६-८-१ | |
| | | **बेरुजु रकम** | ४९,०७२,१३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,३९,४४,०६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,०४,६९,३५० | **चालु खर्च** | ३३,९२,७०,३२३.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९५,९६,००० | **पूँजीगत खर्च** | ८,१४,८१,३३८ |
| **राजश्व बाँडफाँट** | ५,०३,८९,६८७ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ५५,७८,१३७ | | |
| **अन्य आय** | ७,७३,२८,७१४ | | |
| **कुल आय** | ४५,३३,६१,८८८ | **कुल खर्च** | ४२,०७,५१,६६१.३ |
| **बाँकी मौज्दात** | | ७,६५,५४,२९२ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**स्थापन, उद्देश्य र कार्यक्षेत्रः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ८ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १५ हजार ८ सय ६२ जना रहेको छ । | |
| २ | | | **वित्तिय प्रतिवेदन** | |

| वित्तीय प्रतिवेदन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३९२५६०८७८ | ४५३३६१८८८ | ० | ४५३३६१८८८ | | |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३९२५६०८७८ | ३७८९८३०४४ | | ३७८९८३०४४ | | |
| ११००० कर | ११ | ६७४६९५२८ | ५५९६७८२४ | ० | ५५९६७८२४ | | |
| १३००० अनुदान | | ३२५०९१३५० | ३२००६५३५० | | ३२००६५३५० | | |
| संघीय सरकार | १२ | ३००४६९३५० | ३००४६९३५० | | ३००४६९३५० | | |
| प्रदेश सरकार | १२ | १९५९६००० | १९५९६००० | ० | १९५९६००० | | |
| १४००० अन्य राजस्व | | ० | २९४९८७० | ० | २९४९८७० | | |
| ख. अन्य प्राप्ति | | ० | ७४३७८८४४ | ० | ७४३७८८४४ | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| कोषहरु लाइनआइटम बजेट | | ७४६३४४३६ | ७०६४३२६४ | ० | ७०६४३२६४ | | |
| धरौटी | | ८८४५०० | ७४०५०० | ० | ७४०५०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २९९५०८० | २९९५०८० | ० | २९९५०८० | | | |
| | | | भुक्तानी (ग+घ) | | | ४२०७५१६६१ | ० | ४२०७५१६६१ | | | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | २७७११२४१५ | ३४५१९४४९८ | | ३४५१९४४९८ | | | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १५५०२१३५० | १३३५००७८१ | ० | १३३५००७८१ | | | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२४२८९४८९ | १००२७७९८१ | | १००२७७९८१ | | | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १८४२७३५० | ० | ० | ० | | | |
| | | | २६००० अनुदान | १८ | २२४८००० | २६३३३० | ० | २६३३३० | | | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ५०८८००० | १०००००० | ० | १०००००० | | | |
| | | | २८००० अन्य खर्च | १८ | ३२७८६७५ | २८६७१०६९ | ० | २८६७१०६९ | | | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १२३७८०९०१ | ८१४८१३३८ | ० | ८१४८१३३८ | | | |
| | | | घ. अन्य भूक्तानी | | ७५९८८१६३ | ७५५५७१६३ | ० | ७५५५७१६३ | | | |
| | | | कोषहरु | | ५८१४३३३ | ५८१४३३३ | ० | ५८१४३३३ | | | |
| | | | धरौटी | | ६५३५०० | २२२५०० | ० | २२२५०० | | | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६९५२०३३० | ६९५२०३३० | ० | ६९५२०३३० | | | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ० | ० | ० | ० | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | ० | ३२६१०२२७ | | ३२६१०२२७ | | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४३९४४०६५ | ४३९४४०६५ | | ४३९४४०६५ | | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | ४३९४४०६५ | ७६५५४२९२ | | ७६५५४२९२ | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ७६५५४२९२ | | ७६५५४२९२ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तिय प्रतिवेदनको विश्लेषण**<br>पालिकाको वित्तिय विवरण परिक्षण गर्दा देखिएका व्यहोराहरु<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखानियन्त्रक कार्यलयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मापालिकाको सम्पूर्ण आर्थिक कारोबारको अभिलेखाङ्कन गरेको पाईएन ।<br>· सुत्र प्रणालीले बजेट वमोजिम खर्च नियन्त्रण गर्दछ। तर लेखाङ्कनमा सुत्र प्रणालीको प्रयोग नहुंदा गरेका सवै खर्च विनियोजित बजेट तथा कार्यक्रमको सीमा भित्र रहेर नै खर्च गरेकोमा आस्वस्त हुन सकिएन।<br>· स्थानीय तहलेसंचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्चस्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· लेखापरीक्षणको क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीयतहले पेश गरेको वित्तिय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>· कतिपय आर्थिक कारोवारहरुको गोश्वारा भौचरलाई बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकालेश्रेस्ता अनसुार बैक मौज्दात रकम र बजेट खर्चको हिसाव मिलेको देखिएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिम आय र व्यय वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्न पर्ने तथादफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नपर्ने व्यवस्थागरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी प्राप्ति र भुक्तानीको वास्तविकस्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणका क्रममा कार्यक्रम खर्च बापत व्याज सहित रु ४३००००/-, पेश्की बाँकी व्याज सहित रु २२००००/- र अनुगमन तथा भ्रमण वापतको रु १४५५८० गरी जम्मा रु ७९५५८०/- असुल भएको छ । | |
| ५ | | | **एकिकृत आर्थिक सङ्केत**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने एकिकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्यामा तोकिएका शीर्षक उपशीर्षक बमोजिम कारोवारको अभलेख राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले वजेट तयार गर्दा तथा खर्च गर्दा तथा आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्थाको पालना गरेको देखिएन। | |
| ६ | | | **लक्ष्य प्रगति**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ वमोजिमको ढांचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले लक्ष्य प्रगति विवरण तयार गरेको देखिएन। | |
| ७ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन। | |
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन। | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन। | |
| ९ | | | **विनियोजन भन्दा वढि खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यलय प्रमुखले सरकारी रकम खर्चगर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्नअनुसारको योजना संचालन गर्दा विनियोजन भन्दा वढि खर्च गरेको नियमसंम्मत नदेखिएको रु<br><br>भौचर नं: १६; मिति: २०७८।३।२३; योजनाको नाम: खहरे खोला माने सल्लेरी गुरुकुल हर्कपूर साना सिंचाई; विनियोजन रकम: २०८०००० ; खर्च रकम: २६००४००; फरक: ५२०४०० | ५२०,४०० |
| १० | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ६ वटा नियमावली, २२ कार्यविधि तथा निर्देशिकाहरु जम्मा ४३ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले सबै कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले स्वीकृत गरी छापिएका कानूनहरुको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| ११ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १९ उजुरी तथा विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई ९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १२ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलब्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले प्रथम किस्ता वापत यस वर्ष रु ४०४५५०० खर्च जनाएकोमा प्रति परिवार रु तीस हजारका दरले रकम अनुदान उपलब्ध गराउनु पर्नेमा प्रथम किस्ता वापत भौचर नं १।२०७८।३।२९ वाट रु २७९०० का दरले रु ६० परिवारलाई रु१६७४००० रकम उपलब्ध गराएको र भौचर नं २।२०७८।३।२९ वाट रु २३७१५०० खर्च जनाएकोमा के कति व्याक्तिको खातामा जम्मा भयो सोको भरपाई पेश भएन । उक्त रकम क-कसलाई उपलव्ध गराएको सो समेत खुलाई अनुसुची ३ वमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ४,०४५,५०० |

Nested table (item ९):

| भौचर नं | मिति | योजनाको नाम | विनियोजन रकम | खर्च रकम | फरक |
|---|---|---|---|---|---|
| १६ | २०७८।३।२३ | खहरे खोला माने सल्लेरी गुरुकुल हर्कपूर साना सिंचाई | २०८०००० | २६००४०० | ५२०४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**कोषहरुको अभिलेख**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७२ अनुसार गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न अनुसारको कोष संचालन गर्दै आएकोमा देखिएका व्यहोरा निम्न छन्

<table>
<tr><th>खाताको नाम</th><th>गतको जिम्मेवारी</th><th>आम्दानी</th><th>खर्च</th><th>वांकी</th></tr>
<tr><td>बाँडफाँडबाट प्राप्त राजश्व खाता ग-1-2</td><td>७०७४२४९</td><td>५३४१८०१०</td><td>७०७४२४९</td><td>५३४१८०१०</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता ग-1-1</td><td>९५६७०७</td><td>२६५२४९३</td><td>९५६७०७</td><td>२६५२४९३</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता ग-३-१</td><td>६५३५००</td><td>७४०५००</td><td>८७६०००</td><td>५१८०००</td></tr>
<tr><td>विविध खर्च खाता ग-2-7</td><td>०</td><td>२०९४५३४</td><td>०</td><td>२०९४५३४</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष खाता ग-७-१</td><td>१३३८६७५</td><td>६९९५१८०</td><td>८३३३७६०.५</td><td>९५</td></tr>
<tr><td>जम्मा</td><td>१००२३१३१</td><td>६५९००७१७</td><td>१७२४०७१६</td><td>५८६८३१३१</td></tr>
</table>

- आन्तरिक राजश्व खाता र बाँडफाँडबाट प्राप्त राजश्व खातामा वर्षको अन्त्यमा वांकी रहेको मौज्दात स्थानिय संचित कोषमा जम्मा गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।
- पालिकाले उल्लेखित कोषको वैक नगदी लगायतका अभिलेख अध्यावधिक गरि राखेको देखिएन।

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४, ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७८ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिमको जिन्सी प्रतिवेदन तयार गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम अनुगमन गरेको देखिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्यौट सम्बन्धी व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्यौट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार कर्मचारी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानून बमोजिम फछ्र्यौट गर्नुपर्नु रु | २३७,६०० |

| पेश्की लिएको मिति | गो. भौ. नं | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको | फछ्यौटको अन्तिम म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७८।०३।११ | १३० | कुन्ता देवी आ.वि सडक विस्तार | कुन्तादेवी आ.वि सडक विस्तार समिती | | ५७६०० | २०७८।०३।३० | समानिकरण गा.पा |
| २०७८।०३।२४ | ३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | न्यू ड्र्यागन वि.जि कन्ट्रक्सन | ३७०००००| | ० | नेपाल सरकार |
| २०७७।०९।०६ | ३ | शिव मन्दिर निर्माण | उपभोक्ता समिती | | ८६४०० | २०७७।१०।११ | गा.पा अनुदान समानिकरण |
| २०७८।०३।११ | ३३ | समाज सेवा युवा क्लब खेलमैदान निर्माण | उपभोक्ता समिती | | ९३६०० | २०७८।०३।३० | गा.पा अनुदान समानिकरण |
| | | कुल जम्मा | | ३७००००० | २३७६०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **कोभिड -१९ नियन्त्रण खर्च** | |
| १६.१ | | | **आय तथा व्यय विवरणः** आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ । | |

| आम्दानी/स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | २३३८६७५ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १४७९१४३ |
| स्थानीय तहको आफ्नै वजेटवाट | ३०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ४९८७०० |
| अन्य स्रोतबाट | ६५६५०५ | जनशक्ति व्यवस्थापन | ३३२७२९० |
| | | अन्य खर्च | ६८९९५२.५० |
| | | वाँकी | ९४.५० |
| जम्मा | ५९९५१८० | जम्मा | ५९९५१८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>खोप विवरणः यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप १४१५५ डोज उपयोग भएको देखिएको छ ।
<table>
<tr><th>क्र.स</th><th>खोपको प्रकार</th><th>पहिलो डोज</th><th>दोश्रो डोज</th><th>थप डोज</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>भेरोसेल</td><td>४५९१</td><td>२६७९</td><td>१८</td><td>७२८८</td></tr>
<tr><td>२</td><td>कोभिसिल्ड</td><td>१८३७</td><td>१८४०</td><td>२९</td><td>३७०६</td></tr>
<tr><td>३</td><td>जोनसन</td><td colspan="3">१०७६ सिङ्गल डोज</td><td>१०७६</td></tr>
<tr><td>४</td><td>एस्ट्राजेनिका</td><td>७५८</td><td>१३२७</td><td>०</td><td>२०८५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१४१५५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>जोखिम भत्ताः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ३ मा हेल्थ डेक्सम, क्वारेन्टाइन, उपचारमा संलग्न, प्रयोगशाला परीक्षण, स्वास्थ्य आपतकालिन संचालन केन्द्रमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस वर्ष कोभिड १९ नियन्त्रणका लागि खटाएको भनि ५९ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत रु. १७४७५६०/- र २९ जना प्रहरी कर्मचारीलाई रु. २०००००/- गरी जम्मा रु १९४७५६०/- खर्च गरेको छ । पालिकले उल्लेखित कानूनमा संलग्न कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराउनु पर्नेमा सो बाहेकका कर्मचारीलाई समेत एकमुष्ट रुपमा तिन महिना सम्म मासिक तलवको ५० प्रतिशत सम्म भुक्तानी गरेको छ । प्रहरीलाई छुट्टै जोखिभ भत्ता उपलव्ध गराउने कारण उल्लेख नभएको साथै भुक्तानी दिएको रकम सम्बन्धितको बैक खातामा जम्मा गरेको तथा सम्बन्धितले बुझिलिएको भरपाई नपाइएकोले सम्बन्धित कर्मचारीले रकम प्राप्त गरेको यकिन नभएको रु.</td><td>२००,०००</td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>नपाउने ननप्राक्टिस भत्ताः नेपाल सरकार स्वास्थ्य विभागले तोकिएका अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरुलाई तोकिएको मापदण्डको आधारमा ननप्राक्टिस भत्ता सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयले कोभिड-१९ को उपचार गर्न मिति २०७७।९।२९ मा करार सेवामा नियुक्त डा. अजित कुमार शाहलाई नियुक्ति गरेको छ । सम्झौता पत्रमा ननप्राक्टिस भत्ता सम्बन्धमा उल्लेख छैन । तर पालिकाले ननप्राक्टिस भत्ता वापत मासिक रु. ६४५०/- थप भुक्तानी भुक्तानी गरेको रकम बढी व्ययभाभर परेको रु.</td><td>३८,७००</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पाठ्यपुस्तक<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कृयाकलाप नं २.४.६.१ अनुसार गत वर्षको आईइएमआईएस(IEMIS)को आधारमा दोश्रो चौमासिकभित्र ७५ प्रतिशत रकम निकासा दिनुपर्ने र नयाँ IEMIS तथ्यांक प्राप्त भएपछि विद्यार्थी संख्या यकिन गरी विद्यालयले पुस्तक खरिद गरेको विल भरपाईको आधारबाट तथ्याङ्क भिडान गरी थप पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३९५ मिति २०७८।३।२५ को परिपत्रानुसार कोविड-१९ को कारण शैक्षिक सत्र २०७८ को IEMIS. तयार नभएकोले पुरै रकम निकासा पठाउन निर्देशन भएको छ । पालिकाले भौ.नं.१३०-२०७८।१।७ बाट ७५ प्रतिशत पाठ्यपुस्तक अनुदान बापत रु.१८४३११३/- विद्यालयलाई निकासा दिएकोमा पुनः भौ.नं. २३७-२०७८।३।२३ बाट थप पाठ्यपुस्तक बापत रु. ५०९०००/-समेत निकासा पठाएको छ । विद्यार्थी भर्ना संख्याको आधारमा मात्र निकासा दिनुपर्ने उक्त थप रकम शैक्षिक सत्र २०७८ को अद्यावधिक IEMIS तथ्यांक बेगर निकासा गरेकोले तपसिलको विद्यालयलाई थप निकासा दिई खर्च गरेको सम्बन्धमा नयाँ IEMIS तथ्यांक बाट विद्यार्थी संख्या भिडान गरि खर्च रकम एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **खर्चको सुनिश्चितता**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा सामुदायिक सिकाई केन्द्र तथा धार्मिक विद्यालय सञ्चालनको लागि सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ । कोभिड-१९ को कारण २०७८ बैशाख देखि सार्वजनिक गतिविधि समेत बन्द रहेको अवस्थामा निकासा दिएको निम्नानुसारको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुनुपर्ने रु...<br><table><tr><td>क्र.सं.</td><td>सामुदायिक सिकाई केन्द्रको नाम</td><td>निकासा रकम</td></tr><tr><td>१</td><td>हिमाली सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr><tr><td>२</td><td>लोकतान्त्रिक सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr><tr><td>३</td><td>जनजाति उत्थान सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr><tr><td>४</td><td>जलजलेश्वर गुरुकुल देव</td><td>७१५०००</td></tr><tr><td></td><td>जम्मा</td><td>१३१५०००</td></tr></table> | १,३१५,००० |
| १९ | | | **ल्याब स्थापनाका लागि सामाग्री खरिदः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १४(१) मा बोलपत्र प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ मा स्वीकृत लागत अनुमानको २ देखि ३ प्रतिशत रकमको सीमा भित्र रहि निश्चित रकम तोकी सूचनामा वोलपत्र जमानत रकम उल्लेख गर्नुपर्ने तथा नियम ४८ मा वोलपत्र कागजात सम्बन्धी दस्तुर सम्बन्धी व्यवस्था रहेको छ । शिवदुती माविले इन्जिनियरिङ ल्याव व्यवस्थापनका लागि मिति २०७८।२।२३ मा भिजन नेपाल साप्ताहिक पत्रिकामा कोटेशन पेश गर्ने सम्बन्धी ७ दिने सूचना प्रकाशन गरेकोमा मिति २०७८।२।३० मा शिलबन्दि दरभाउपत्र कोटेशनको मिति २०७८।३।२३ सम्म म्याद थप गरिएको सूचना सोही पत्रिकामा प्रकाशित गरेको छ । उक्त सूचनाका आधारमा विद्यालयबाट प्राप्त विवरण अनुसार ८ वटा वोलपत्र विक्री भएको मध्ये ३ वटा वोलपत्र मात्र दर्ता भएको छ । विद्यालयले कानून बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन नगरी साप्ताहिक पत्रिकामा सूचना प्रकाशित गरेको, वोलपत्र सम्बन्धी सूचना प्रकाशन गर्नुपर्नेमा कोटेशन तथा गोप्य शिलबन्दि दरभाउपत्र सम्बन्धी सूचना उल्लेख गरेको, बोलपत्र जमानत रकम र वोलपत्र सम्बन्धी कागजात वापत शुल्क सूचनामा उल्लेख नगरी लागत अनुमान मु.अ.कर सहित रु. ५०,००,०००/- रहेकोमा श्री बिनोद इलेक्ट्रीकल सेन्टर, ओखलढुंगाले रु. ४९,९८,८२६/२० कबोल गरी सारभूतरुपमा प्रभावग्राही भइ लागत अनुमान भन्दा ०.०२ प्रतिशत घटीमा संझौता गरी खरिद गरेकोमा प्रतिस्पर्धा सीमित भएको देखिएको छ । विद्यालयले तयार गरेको लागत अनुमान तथा स्वीकृत, सम्बन्धित आपूर्तिकर्ता हरुले पेश गरेको वोलपत्र कागजात, मूल्यांकन, तुलनात्मक चार्ट तथा सोसँग सम्बन्धित अन्य कागजपत्र विद्यालयबाट पालिकामा पेश गरेको छैन । खरिद गरिएका सामाग्रीहरु विद्यालयमा दाखिला भएको प्रमाण पेश नभएकोले खरिद गरिएका सामाग्रीहरु अनियमित देखिएको रु. | ५,०००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>नमुना बिद्यालय अनुदान<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. ९.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान स्वीकृत गुरुयोजनामा उल्लेखित शैक्षिक सुधारका लागि पहिचान भएको कार्यक्रमका लागि नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाई शैक्षिक सुधार हने क्रियाकलाप तोकि स्थानीय तह र विद्यालय विच संझौता गरी विद्यालयलाई रु ५० लाख निकासा दिने व्यवस्था रहेको छ । पालिकाले प्राप्त प्रस्तावका आधारमा नमुना विद्यालय बरुणेश्वर माविलाई देहाय बमोजिम रकम अनुदान निकासा गरेकोमा बिद्यालयसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु<br>
<table>
<tr><th>गो.भौ.नं.</th><th>बिद्यालयको नाम</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>२३-२०७८।३।२३</td><td>बरुणेश्वर मा वि</td><td>नमुना बिद्यालय अनुदान</td><td>२५०००००</td></tr>
<tr><td>२९।२०७८।३।२५</td><td>बरुणेश्वर मावि</td><td>नमुना बिद्यालय अनुदान</td><td>२५०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५००००००</td></tr>
</table></td><td>५,०००,०००</td></tr>
<tr><td>२१</td><td>३१</td><td>२०७८-३-२५</td><td>फरक शीर्षकमा खर्च<br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको रकम खर्च गर्दा तोकिए बमोजिम मात्र खर्च गर्नुपर्दछ । पालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिका२ सहजिकरणका लागि शैक्षिक कार्यक्रम शीर्षकबाट शिक्षा शाखाको बैठक संचालन गरी रु ८५७६०/- भुक्तानी गरेको छ । पालिकाले तोकिएको शीर्षकमा खर्च नगरी शीर्षक फरक पारी खर्च गरेको रकम अनियमित देखिएको रु</td><td>८५,७८०</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुगमन<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पर्‍याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु.१००००/-, उपाध्यक्षले रु.१००००/-, वडाध्यक्षले रु.४०००/- र कार्यपालिका सदस्यले रु.२०००/- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु.<br>
<table>
<tr><th>क्र.सं.</th><th>पद तथा नाम</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>१</td><td>अध्यक्ष मणिराज राई</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>२</td><td>उपाध्यक्ष हेम कुमारी तामाङ</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>३</td><td>वडाध्यक्ष प्रदिप कुमरा बानिया</td><td>४०००</td><td>४८०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>७९२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | वडाध्यक्ष टंक बहादुर कार्की | ४००० | ४८००० | | |
| | | | | ५ | रामबहादुर कार्की | ४००० | ४८००० | | |
| | | | | ६ | वडाध्यक्ष मान बहादुर तामाङ | ४००० | ४८००० | | |
| | | | | ७ | वडाध्यक्ष टंकनाथ दाहाल | ४००० | ४८००० | | |
| | | | | ८ | वडाध्यक्ष रामकाजी तामाङ | ४००० | ४८००० | | |
| | | | | ९ | वडाध्यक्ष हेमबहादुर सुनुवार | ४००० | ४८००० | | |
| | | | | १० | वडाध्यक्ष हरी कुमार राई | ४००० | ४८००० | | |
| | | | | ११ | कापा सदस्य खड्क माया श्रेष्ठ | ४००० | ४८००० | | |
| | | | | १२ | कापा सदस्य राधादेवी दाहाल | २००० | २४००० | | |
| | | | | १३ | कापा सदस्य यानमाया सुनुवार | २००० | २४००० | | |
| | | | | १४ | कापा सदस्य खिनामाया नेपाली | २००० | २४००० | | |
| | | | | १५ | कापा सदस्य चित्रबहादुर विक | २००० | २४००० | | |
| | | | | १६ | कापा सदस्य कर्मा शेर्पा | २००० | २४००० | | |
| | | | | | जम्मा | | ७९२००० | | |
| २४ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रु ५६८२०००/- खर्च गरेकोमा पालिकाको आन्तरिक आय बैक स्टेटमेन्टमा रु २६७३१९३/१७ रहेको छ । आन्तरिक आयको तुलनामा दोब्बर बढीले खर्च भएको देखिएको छ । पालिकाले आन्तरिक आयको परिधि भित्र रहि खर्च गर्नु पर्दछ । | | | | | | |
| २५ | | | **कर कट्टी नभएको**<br>आयकर ऐन,२०५८ को दफा ८७ अनुसार प्राकृतिक व्यक्तिलाई नेपालमा श्रोत भएको कुनैपनि रकम भुक्तानी गर्दा सामाजिक सुरक्षा कर बापत १ प्रतिशत रकम कट्टा गरेरमात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष देहायका पदाधिकारीहरलाई मासिक सुविधा वापत रु. ५६८२०००/- भुक्तानी गर्दा कर बापतको रकम कट्टी नगरी रु. ५६८२०/-भुक्तानी गरेको रकम असुल उपर गर्नुपर्ने रु. | | | | | | ५६,८२० |
| | | | | क्र.स. | नाम र पद | भुक्तानी रकम | कर रकम | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | अध्यक्ष मणिराज राई | ४०८००० | ४०८० | | |
| | | | | २ | उपाध्यक्ष हेम कुमारी तामाङ | ४८०००० | ४८०० | | |
| | | | | ३ | वडाध्यक्ष प्रदिप कुमरा बानिया | १९२००० | १९२० | | |
| | | | | ४ | वडाध्यक्ष टंक बहादुर कार्की | १९२००० | १९२० | | |
| | | | | ५ | रामबहादुर कार्की | १९२००० | १९२० | | |
| | | | | ६ | वडाध्यक्ष मान बहादुर तामाङ | १९२००० | १९२० | | |
| | | | | ७ | वडाध्यक्ष टंकनाथ दाहाल | १९२००० | १९२० | | |
| | | | | ८ | वडाध्यक्ष रामकाजी तामाङ | १९२००० | १९२० | | |
| | | | | ९ | वडाध्यक्ष हेमबहादुर सुनुवार | १९२००० | १९२० | | |
| | | | | १० | वडाध्यक्ष हरी कुमार राई | १९२००० | १९२० | | |
| | | | | ११ | कापा सदस्य खड्क माया श्रेष्ठ | १३८००० | १३८० | | |
| | | | | १२ | कापा सदस्य राधादेवी दाहाल | १३८००० | १३८० | | |
| | | | | १३ | कापा सदस्य यानमाया सुनुवार | १३८००० | १३८० | | |
| | | | | १४ | कापा सदस्य खिनामाया नेपाली | १३८००० | १३८० | | |
| | | | | १५ | कापा सदस्य चित्रबहादुर विक | १३८००० | १३८० | | |
| | | | | १६ | कापा सदस्य कर्मा शेर्पा | १३८००० | १३८० | | |
| | | | | १७ | सदस्य बुद्धि बहादुर कार्की | ९०००० | ९०० | | |
| | | | | १८ | सदस्य गंगा प्रसाद शर्मा | ९०००० | ९०० | | |
| | | | | १९ | सदस्य प्रमिला विक | ९०००० | ९०० | | |
| | | | | २० | सदस्य रामकुमारी वि क | ९०००० | ९०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | सदस्य बलभद्र दाहाल | ९०००० | ९०० | | |
| | | | | २२ | सदस्य ओमबहादुर राई | ९०००० | ९०० | | |
| | | | | २३ | सदस्य टिका माया विक | ९०००० | ९०० | | |
| | | | | २४ | सदस्य फडिन्द्र प्रसाद फुयल | ९०००० | ९०० | | |
| | | | | २५ | सदस्य टंकनाथ फुयल | ९०००० | ९०० | | |
| | | | | २६ | सदस्य कविता विक | ९०००० | ९०० | | |
| | | | | २७ | सदस्य टंकनाथ खतिवडा | ९०००० | ९०० | | |
| | | | | २८ | सदस्य दिल बहादुर दर्जी | ९०००० | ९०० | | |
| | | | | २९ | सदस्य देव कुमारी काफ्ले | ९०००० | ९०० | | |
| | | | | ३० | सदस्य कृष्ण राज नेपाल | ९०००० | ९०० | | |
| | | | | ३१ | सदस्य राम बहादुर दर्जी | ९०००० | ९०० | | |
| | | | | ३२ | सदस्य यानममाया तामाङ | ९०००० | ९०० | | |
| | | | | ३३ | सदस्य बुधमाया दर्जी | ९०००० | ९०० | | |
| | | | | ३४ | सदस्य महेश तामाङ | ९०००० | ९०० | | |
| | | | | ३५ | सदस्य कमल तामाङ | ९०००० | ९०० | | |
| | | | | ३६ | सदस्य देव कुमारी तामाङ | ९०००० | ९०० | | |
| | | | | ३७ | सदस्य कविता विक | ९०००० | ९०० | | |
| | | | | ३८ | सदस्य वाङ्दा शेर्पा | ९०००० | ९०० | | |
| | | | | ३९ | सदस्य टुक बहादुर तामाङ | ९०००० | ९०० | | |
| | | | | ४० | सदस्य लाक्पा छोकी शेर्पा | ९०००० | ९०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४१ | सदस्य मनमाया विक | ९०००० | ९०० | | |
| | | | | ४२ | सदस्य पासाङ शेर्पा | ९०००० | ९०० | | |
| | | | | ४३ | सदस्य दिपक राई | ९०००० | ९०० | | |
| | | | | | जम्मा | ५६८२००० | ५६८२० | | |
| २६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | | | | | | |
| २७ | | | **करार कर्मचारी**<br>**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. ५१२४००१ /- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको असिस्टेण्ड सव इन्जिनियर पदमा २ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ७११८६० /- भुक्तानी गरेको अनियमित देखएको रु.. | | | | | | ७११,८६० |
| २८ | | | **तलवी प्रतिवेद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | | | | | |
| २९ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन भएको देखिएन । तसर्थ गाउँपालिकले योजना बनाउँदा ऐनमा व्यवस्था भए बमोजिम दीगो, छिटो प्रतिफल दिने, उत्पादनमूलक योजना कार्यान्वयन गरिनु पर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा नगरपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । यस पालिका तथा अन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थितिको विवरण पालिकाबाट प्राप्त भएन । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ३१ | | | **कार्य सम्पन्न प्रतिवेदन:**<br>कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। | |
| ३२ | | | **सार्वजनिक सुनुवाई**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन। | |
| ३३ | | | **गुणस्तर परीक्षण**<br>खरिद संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ता समिति तर्फको कामको निर्माण सामाग्रीको परीक्षण गरेको नदेखिएकोले निर्माण कार्यको गुणस्तरमा आश्वस्थ हुन सकिएन। केही उदाहरण | |

| भौचर नं | मिति | उपभोक्ता समिति | निर्माण व्यवसायी | लागत अनुमान | काम | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५१ | २०७७।१२।१६ | दलित टोल गौरी डांडा जेसे | ब्रिटिस एण्ड अनुभवी कन्ट्रक्सन कम्पनी प्रलि | १०५१४२६ | १०५०६३५ | ९६०००० | ग्याविन वायर प्रयोग |
| ७३६ | २०७८।३।२३ | प्राप्चा चिउरीवोट रागादिप सडक | सुनुवार कन्ट्रक्सन | २१२११२५ | २१०४८७३ | १९२०००० | ग्याविन वायर प्रयोग |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था गरेकोमा सो वमोजिम तथ्यांक सैकलन अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाईएन।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी अध्यावधिक गर्नुपर्दछ।<br>• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ७९ अनुसूची ११ वमोजिम कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गरेको देखिएन।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएकोपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगतकार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तरपालिकाले सो वमोजिम गरेको देखिएन। | |
| ३४.२ | | | सूचना प्रविधी पद्धतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| ३४.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन। | |
| ३४.४ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने व्यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| ३४.५ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.६ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायिव नियमावली २०७७ को नियम ६४ वमोजिम गोश्वारा धरौटी खाता र व्याक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले गोश्वारा धरौटी खाता र व्यक्तिगत अभिलेख राखेको देखिएन। | |
| ३५ | | | **आन्तरिक राजस्व तर्फ** | |
| ३५.१ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| ३५.२ | | | **म.ले.प. फारमहरुको प्रयोग**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत लेखाढाँचा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक आय बापत प्राप्त हुने कर, सेवा शुल्क, दस्तुर लगायतको रकम नगदी रसिदबाट संकलन गर्ने गरेकोमा कार्यालयमा वार्षिक रुपमा कति रसिद छपाई भएको सोको विवरण देखिएन । वडा कार्यालय र पालिकामा कति रसिद वितरण र फिर्ता भएको छ कार्यालयबाट विवरण प्राप्त नभएन। कार्यलयको आवश्यकता अनुसार मलेप फारमहरूको प्रयोग गर्नुपर्नेमा कुनैपनि फारमहरु प्रयोगमा ल्याएको छैन । पालिकाबाट प्राप्त आन्तरिक राजस्व खाताको बैक स्टेटमेन्ट अनुसार यस वर्ष रु २६५२४९३।१७ आन्तरिक राजस्व प्राप्त भएको छ । सो सम्बन्धमा राजस्वको गोश्वारा भौचर, बैक नगदी किताव, दैनिक गोश्वारा खाता आर्थिक विवरण लगायतका विवरणहरु लेखापरीक्षणका क्रममा उपलव्ध नभएकोले आन्तरिक राजस्व यकिन गर्न सकिएन । | |
| ३६ | | | **आधारभुत अस्पताल** | |
| ३६.१ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नुअघि यस सम्बन्धी स्पेसिफिकेशन योजना नक्शा डिजाईन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने साथै निर्माण स्थलको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले आधारभुत अस्पताल निर्माणकोलागि रु ६२०५०८०६।१४ को लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट न्यूनतम कवोल रु ४३२६६२६५।१८ गर्ने न्यू ड्राईगन विजि कन्ट्रक्सनसंग मिति २०७९ फाल्गुन ३० गते सम्ममा कार्य सम्पन्न गर्ने गरि मिति २०७८।३।२४ मा संझौता गरेको छ। उक्त निर्माण कार्यको वोलपत्र आह्वान गर्नु अघि सो निर्माण कार्यको डिपिआर स्वास्थ्य मापदण्ड अनुरुप भए नभएको सुनिश्चित गरेरमात्र वोलपत्र आह्वान गर्नुपर्नेमा स्वास्थ्य मापदण्ड अनुरुपको डिपिआर भए नभएको यकिन नगरी ठेक्का आह्वान गर्दा स्वास्थ्य मापदण्ड अनुरुपको नरहेको कारण निर्माण कार्य संचालन गर्न समस्या सृजना भएको देखियो। स्वास्थ्य मापदण्ड अनुरुपको भवन कानुन वमोजिम निर्धारित समय भित्रै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३६.२ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा बोलपत्रदाताले कार्यसम्पनदन जमानत लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा घटि कबुल गरेमा कबुल अंकको पांच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा वढि घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटि कवुल गरेको छ सोको पचास प्रतिशत रकम थप गरी कार्यसम्पादन जमानत दाखिता गर्नुपर्ने उल्लेख गरेको छ। आधारभुत अस्पतालको लागत अनुमान रु ६२०५०८०६।१४ भएकोमा न्यूनतम कवोल गर्ने न्यू ड्राईगन विजि कन्ट्रक्सनले रु ४३२६६८६५।१८ ३०.२७ प्रतिशत घटिमा कवोल गरेकोमा कवोल अंकको ५ प्रतिशतले हुने रकम रु २१६३५०० मात्र कार्य सम्पादन जमानत राखेको देखियो । पन्ध्र प्रतिशत भन्दा वढि घटेकोमा पन्ध्र प्रतिशत भन्दा वढि घटेको रकम रु ९४७६९२०।०४ को पचास प्रतिशतले हुने रु ४७३८४६० घटि कार्यसम्पादन जमानत लिएकोले थप कार्यसम्पादन लिनुपर्ने रु | ४,७३८,४६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>सेफ्ली झरना पुर्वाधार निर्माण<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नुअघि यस सम्बन्धी स्पेसिफिकेशन योजना नक्शा डिजाईन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था गरेको छ । साथै नियम ६ मा बजेटको व्यवस्था नभई खरिद कारवाही अगाडी वढाउन नहुने व्यवस्था गरेको छ। यस पालिकाले विस्तृत परियोजना सर्वेक्षण तथा प्रचलित कानुन वमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई सेफ्ली झरना पर्यटन विकास कार्यक्रम अन्तर्गत सेफ्ली झरना पुर्वाधार निर्माण गर्न रु ५०००००० लाखको लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट ४९०८४८३।७२ मा सुनुवार कन्ष्ट्रक्सनसंग मिति २०७८।३।२३ मा कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा उक्त अवधि भित्र प्रथम रनिङ विल वपतको रु ३१६०५७०।३४ को मात्र कार्य सम्पन्न गरेको छ। प्राप्त अनुदान रकम संघिय अनुदान फिर्ता भईसकेकोले वांकी कार्य सम्पन्न गर्न पालिकाले स्रोतको सुनिश्चितता नगरी खरिद कार्य अगाडि वढाएको देखिन्छ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>रिटेन्सन मनि<br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले रनिङ बिल वा बीजकको रकम भुक्तानी गर्दा रनिङ बिल वा अन्य बिल बीजकमा उल्लेखित रकमको पाँच प्रतिशतका दरले रिटेन्सन मनि वापत कट्टा गर्नुपर्ने व्यववस्था गरेको छ। तर यस पालिकाले निम्न अनुसारको रनिङ बिल वा बीजकको रकम भुक्तानी गर्दा रिटेन्सन मनि कट्टा गर्नुपर्ने रकम कट्टगरेको नदेखिएकोले असुल गरी धरौटी खाता दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>मिति</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी</th><th>रिटेन्सन मनि</th></tr>
<tr><td>२७७</td><td>२०७७।१२।१०</td><td>सेफली झरना सौदरीकरण</td><td>सुनुवार कन्ट्रक्सन</td><td>२७९६९६४</td><td>१३९८४८</td></tr>
<tr><td>५</td><td>२०७८।३।२६</td><td>सैमल कोर्नाम माझ खर्क सडक योजना</td><td>सुगम सफल कन्ट्रक्सन प्रालि</td><td>३०९४८०</td><td>१५४७४</td></tr>
<tr><td>३</td><td>२०७८।३।२५</td><td>थुम्की गोपे उर्लर्नि माझखर्क</td><td>सुगम सफल कन्ट्रक्सन प्रालि</td><td>८२५९४९</td><td>४१२९७</td></tr>
<tr><td>१</td><td>२०७८।३।१४</td><td>सैमल कोर्नाम माझ खर्क सडक योजना</td><td>सुगम सफल कन्ट्रक्सन प्रालि</td><td>१९४२८६५</td><td>९७१४३</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५८७५२५८</td><td>२९३७६३</td></tr>
</table></td><td>२९३,६६२</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>कर विवरण<br>सार्वजनिक खरिद नियमावलि १२४ (२) मा निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि समाप्त भएपछि कट्टा गरीएको रिटेन्सन मनि वापतको ५० प्रतिशत रकम फिर्ता गर्नुपर्ने तथा वांकी ५० प्रतिशत आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा पालिकाले पालिका ट्रष्ट भवन निर्माण गर्दा शिवदुती निर्माण सेवाको भुक्तानीमा कट्टि गरी राखेको रिटेन्सन मनि वपतको रकम रु २२२५०० फिर्ता गरेकोमा कर विवरण समावेश गरेको नदेखिएकोले कर समायोजन पत्र पेश हुनुपर्ने रु</td><td>२२२,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **अग्रिम आयकर**<br>आयकर ऐन २०५८ को दफा ८९ (१) मा पचास हजार भन्दा वढिको भुक्तानी दिदा भुक्तानीको १.५ प्रतिशतका दरले अग्रिम आयकर वापत कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । तर निम्न अनुसारको निर्माण कार्यको भुक्तानी गर्दा कर अग्रिम आयकर कट्टा गरेकोमा दाखिला गरेको नदेखिएकोले सो रकम दाखिला गर्नुपर्ने रु | ८८,२२१ |

| भौचर नं | मिति | योजना | निर्माण व्यवसायी | अग्रिम आयकर |
|---|---|---|---|---|
| २७७ | २०७७।१२।१० | सेफली झरना सौदरीकरण | सुनुवार कन्ट्रक्सन | ४१९४५ |
| ५ | २०७८।३।२६ | सैमल कोर्नाम माझ खर्क सडक योजना | सुगम सफल कन्ट्रक्सन प्रालि | ४६४२ |
| ३ | २०७८।३।२५ | थुम्की गोपे उर्लेनि माझखर्क | सुगम सफल कन्ट्रक्सन प्रालि | १२३८९ |
| १ | २०७८।३।१४ | सैमल कोर्नाम माझ खर्क सडक योजना | सुगम सफल कन्ट्रक्सन प्रालि | २९१४५ |
| | | | जम्मा | ८८१२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **कार्य सम्पादन जमानत तथा बिमा**<br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | | काम समाप्त गर्नुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सम्झौता रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | म्याद सकिने मिति | | | | | विमा |
| 01/077/78 | primary Hospital | New Dragon/B.G Jv | 2,163,500 | 2081/03/24 | 2079/11/30 | | 61,835,409.87 | 43266265.65 | विमा नगरेको |
| 02/077/078 | सैमल–कोर्नाम–माझखर्क सडक | Sugam safal Construction P.Ltd | 2,032,055 | 2078/08/29 | 2078/03/30 | 2078/3/24 | 7142857.14 | 2230355.66 | म्याद समाप्त भएको |
| 03/077/078 | Thumki-Gope Uleni-makark kakani darmik sadak | Sugam safal Construction P.Ltd | 2,032,568 | 2078/08/29 | 2078/03/31 | | 7142857.14 | 2229215.86 | म्याद समाप्त भएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **थुम्की गोपे सडक**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (१) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्नु नहुने व्यवस्था गरेको छ। पालिकाले थुम्की गोपे उर्लेनी याकखर्क ककनी धार्मिक पर्यटकिय सडक निर्माण कार्यको लागि रु ६८५७१४५ को लागत अनुमान तयार गरी न्यूनतम कवोल रु २२२९२१५।८० गर्ने सुगम सफल कन्ट्रक्सन प्रालिसंग मिति २०७८ असार १९ सम्ममा सम्पन्न गर्ने गरी संझौता गरेको छ। यस निर्माण कार्यको सो अवधी सम्म प्रथम रनिङ विलवाट रु ९४४६७२।२२ मात्र को कार्य गराई भुक्तानी दिएको छ। उक्त निर्माण कार्य गर्न प्रदेश समपुरकमा अनुदानको रकम प्राप्त भई निर्माण कार्य गराएकोमा सो निर्माण कार्य सम्पन्न नभएको तर अनुदान रकम फिर्ता भईसकेको अवस्थामा उक्त निर्माण कार्यको लागि आवश्यक स्रोत सुनिश्चित गरी निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ। | |
| ४३ | | | **मूल्य अभिवृद्धि कर समायोजन**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तर निम्न अनुसारको निर्माण व्यवसायिले कर विजक जारी गर्दा विजक नं केरमेट गरेको देखिएको साथै मु.अ.कर कट्टा गरी दाखिला गर्नुपर्नेमा नगरेकोले मू. अ. कर समायोजन पत्र पेश हुनुपर्ने रु | ९०,१०९ |

| भौचर | मिति | विवरण | फर्म | विजक नं | रकम | भ्याट | ३० प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | २०७८।३।२६ | थुम्की गोपे उर्लेनी | सुगम सफल कन्ट्रक्सन प्रालि | ३१-२०७८।३।२५ | ३०९४८०.१७ | ४०२३२ | १२०७० | कर विजक केरमेट |
| ३ | २०७८।३।२५ | थुम्की गोपे उर्लेनी | सुगम सफल कन्ट्रक्सन प्रालि | १२-२०७८।३।२९ | ८२५९४९.०२ | १०७३७३ | ३२२१२ | कर विजक केरमेट |
| २२७ | २०७८।३।२० | डिपिआर | सिभिल ईन्जिनियरिङ कन्सल्टेन्सी | ०१५-२०७८।३।२० | ४३८०५३ | ५६९४६ | १७०८४ | कर विजक केरमेट |
| २६ | २०७८।९।८ | | विनोद इलेक्ट्रोनिक | ५४०-२०७८।२।२५ | ७३७००० | ९५८१० | २८७४३ | मु.अ.कर दाखिला नगरेको |
| | | | जम्मा | | | | ९०१०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **हेभि ईक्यूपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालन हुने निर्माण कार्यमा हेभि मेसिनहरु प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटील किसिमको प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायवाट सहमतिलिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने छ। तर निम्न अनुसारको उपभोक्ता समिति मार्फत काम गराउन लागत अनुमान तयार गर्दा डोजर रोलर जस्ता हेभि ईक्यूपमेन्टवाट काम गराउने दर लिएर लागत अनुमान तयार गरेतापनि प्राविधिकले जटिल प्रकृतिको कार्य भनि उल्लेख नगरेको तथा सार्वजनिक निकायवाट सहमति लिएको समेत देखिएन। | |

| भौचर नं | मिति | उपभोक्ता समिति | निर्माण व्यवसायी | निर्माण व्यवसायीलाई भुक्तानी | लागत अनुमान | काम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ९ | २०७७।१०।८ | रामपुर सतिघाट सडक मर्मत | दक्षिणकाली ईन्जिनियरिङ एण्ड कन्ट्रक्सन | १८६४५० | ११२५३५७ | ११३२०९६ | ९६०००० |
| १७ | २०७७।१०।१३ | गणेश मावि खेल मैदान | सिमोन निर्माण सेवा | ४८०००० | ५३१२५९ | ५३३५४६ | ४८०००० |
| ९१ | २०७८।१।१९ | चौतारा सडक निर्माण | व्रिटिस एण्ड अनुभवी कन्ट्रक्सन कम्पनी प्रलि | ९६०००० | ९८७०१५ | ९९१६५० | ९६०००० |
| ९८ | २०७८।१।१९ | कोर्नाम जिवा भष्मे वागदिप सडक निर्माण | सिमोन निर्माण सेवा | १४४०००० | १७२५४१९ | १७३०३९५ | १४४०००० |
| १२६ | २०७८।३।७ | विजय खर्क किडादिम सडक निर्माण उस | अल्विना ट्रेडस प्रालि | ९६०००० | ९५६२०४ | ९६३८९० | ९६०००० |
| १९६ | २०७८।३।१५ | यान्दा वौद्ध हिलेखर्क सडक निउस | सुगम सफल कन्ट्रक्सन | १४४०००० | १५९३८५५ | १५९८८४९ | १४४०००० |
| २८ | २०७७।१०।१८ | सतिघाट रामपुर तल्लोटार सडक मर्मत निउस | सिमोन निर्माण सेवा | ६४२२४० | ६७६०१२ | ६८४११८ | ६४२२४० |
| ४१ | २०७७।११।१४ | पेसल गहिरो मंगलवारे मकैवारी सडक मर्मत | व्रिटिस एण्ड अनुभवी कन्ट्रक्सन कम्पनी प्रलि | ११७८५८० | १२२५३२६ | १२०९०७१ | ११७६९६० |
| ७८ | २०७८।३।२ | दहाल गाउँ हुदै केउरिनी सडक निर्माण उस | पि के कन्ट्रक्सन | ७६८००० | ८४५४०० | ८४५४०० | ७६८००० |
| ६ | २०७८।३।२४ | चेप्टे ओखरवोट सडक निर्माण उस | सुगम सफल कन्ट्रक्सन | १४४०००० | १५८०६२५ | १५८०४४८ | १४४०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **सिम्लेवजार झोलुङ्गे पुल**<br>पालिकाले सिम्लेवजार झोलुङ्गे पुल निर्माण कार्य गर्दा रु २७६८४८५।३८ लागत अनुमान गरि निर्माण कार्य गर्न सिम्ले वगर पुल निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको जिम्मा दिएकोमा अन्तिम विल वापत रु १०६७४९१।४३ मुल्यांकन गरेकोमा उपभोक्ता समितिले वेहोर्नुपर्ने अंश रु१०३०९१।६० रकम कट्टा गरी रु ९६४३९९।८३ मात्र भुक्तानी गर्नुपर्नेमा गोभौनं ४३२-२०७८।३।७ वाट रु १९०००० गोभौनं ३-२०७७।११।२५ वाट रु ८७६९०० र ५-२०७८।३।१० वाट रु३०३५५ गरी जम्मा रु १०९७२५५ भुक्तानी गरेको देखिएकोले रु १३२८५५।१७ वढि भुक्तानी गरेको असुल गर्नुपर्ने रु | १३२,८५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **उपभोक्ता समितिको कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार लाभग्राही समुदायलाई दिएको कामको प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ। तर उपभोक्ता समिति मार्फत संचालन गरेको निर्माण कार्यको प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको देखिएन। साथै सार्वजनिक परीक्षण फारम अनुसुची ३ तथा भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन आंशिक रुपमा भराएको तथा प्रमाणीत गराई राख्ने गरेको देखिएन। केही उदाहरण | |
| ४७ | | | **खरिद विधि**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षमा सडक निर्माण तर्फको २ वटा ठेक्का विद्धुतिय सुचना प्रणाली मार्फत प्रतिस्पर्धा गराउँदा औषतमा ६८ प्रतिशत घटि कवोल गरेको देखियो। तर उपभोक्ता समितिवाट गरेका सडक निर्माणका कार्यमा रकम वचत नभई लागत अनुमान वरावर नै खर्च गरेको छ। खरिद तथा निर्माण कार्य गराउँदा पालिकाले गुणस्तरलाई मध्यनजर गर्दै मितव्ययी विधि प्रयोग गर्नुपर्ने देखिन्छ । | |

(क्रम ४६ को उदाहरण तालिका)

| उपभोक्ता समिति | लागत अनुमान | काम |
|---|---|---|
| रामपुर सतिघाट सडक मर्मत | ११२५३५७ | ११३२०९६ |
| गणेश मावि खेल मैदान | ५३१२५९ | ५३३५४६ |
| चौतारा सडक निर्माण | ९८७०१५ | ९९१६५० |
| कोर्नाम जिवा भष्मे वागदिप सडक निर्माण | १७२५४१९ | १७३०३९५ |
| विजय खर्क किडादिम सडक निर्माण उस | ९५६२०४ | ९६३८९० |
| यान्दा वौद्ध हिलेखर्क सडक निउस | १५९३८५५ | १५९८८४९ |
| सतिघाट रामपुर तल्लोटार सडक मर्मत निउस | ६७६०१२ | ६८४११८ |
| पेसल गहिरो मंगलवारे मकैवारी सडक मर्मत | १२२५३२६ | १२०९०७१ |
| दहाल गाउँ हुदै केउरिनी सडक निर्माण उस | ८४५४०० | ८४५४०० |
| चेप्टे ओखरवोट सडक निर्माण उस | १५८०६२५ | १५८०४४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) मा रु ५ लाख सम्मको मात्र मालसामान लागत अनुमान तयार गरी सुचिकृत तीनवटा फर्म वा कम्पनी संग दररेट माग गरी खरिद गर्न सकिने १ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्याक्ति फर्म कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ। तर गाउँपालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा एउटै फर्मसंग पटक पटक खरिद गरेको नियमसंम्मत नदेखिएको रु

<table>
<tr><th>गो.भौ.नं.</th><th>आपूर्ति कर्ता</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१५२-२०७७।११।१४</td><td>कन्तादेवी सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>४९७२००</td></tr>
<tr><td>३६९-२०७८।३।३०</td><td>कुन्तादेवी सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>९९६६०</td></tr>
<tr><td>१८४-२०७७।१२।३</td><td>थापा किराना पसल</td><td>कार्यालय सामाग्री</td><td>२४९७७०</td></tr>
<tr><td>३६०-२०७८।३।३०</td><td>थापा किराना पसल</td><td>कार्यालय सामाग्री</td><td>२४७८००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०९४४३०</td></tr>
</table>

</td><td>१,०९४,४३०</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्शदाताबाट सेवा गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष विभिन्न योजनाहरुको बाह्य परामर्शदाताबाट विस्तृत परियोजना सर्भेक्षण गराई रु. २३२७७६५/- खर्च लेखेको छ । परामर्शदाताबाट प्राम्भिक प्रतिवेदन पेश भई त्यसमा त्रुटि सच्याई पुन अन्तिम प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानि गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै अन्तिम प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अत प्रतिवेदन अध्ययन नगरी प्राप्त प्रतिवेदनमा त्रुटि भएमा त्यसबाट कार्यान्वयन चरणमा हुनसक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुदैन । साथै यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई बजेट बमोजिमकै रकम खर्च गरेको छ । साथै चौतारा सोलाखर्क सडकको हालसम्म पनि निर्माण कार्यको थालनि गरेको देखिएन। पालिकालाई प्राप्त डिपिआर तथा आई.ई.ई. प्रतिवेदनमा तोकिए बमोजिम भए नभएको स्वीकार नगरी परामर्शदातालाई भुक्तानि दिने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

<table>
<tr><th>काम/सेवाको विवरण</th><th>परामार्शदाता</th><th>स्विकृत रकम</th><th>डिपिआर खर्च</th><th>अध्यनबाट निर्धारण गरिएको आयोजनाको लागत</th></tr>
<tr><td>५ बेड अस्पताल डिपिआर</td><td>ARB Enginering Cosaltancy</td><td>१५०००००.००</td><td>१४८९३४०.०</td><td>६९५१००४७.४३</td></tr>
<tr><td>चौतारा सोलाखर्क सडक डिपिआर</td><td>Ecosence Civil Solution Pvt.Ltd.</td><td>४०००००.००</td><td>३९५०००.०</td><td>१७४२७७२१५.०६</td></tr>
<tr><td>थुम्कि गोपे उर्लेनी सडक डिपिआर</td><td>Civic Enginering Cosaltancy</td><td>४५००००.०</td><td>४४३४२५.०</td><td>८१३१८३३६९.४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३५००००.००</td><td>२३२७७६५.००</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाको आर्थिक वर्ष २०७७।७८ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन। कानुनमा भएको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्ने देखिन्छ। | |
| ५१ | 216 | २०७८-३-२८ | **कार्यक्रम खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठ, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनपर्ने, नियम ३९(८) मा स्वीकृत कार्यक्रम संचालित भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्तबाट स्वीकृत गराउनुपर्ने छ । पालिकाले देहायको कार्यक्रम संचालन गरी रु १२५४२००/- खर्च गरेको छ । उक्त कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालनको स्वीकृति तथा संचलान प्रकृया, कार्यक्रमको लक्षित समूह, सहभागिहरुको उपस्थिति विवरण, सम्पन्न भएको प्रतिवेदन साथै पालिकाबाट उक्त कार्यक्रमको अनुगमनको प्रतिवेदन समावेश नगरी विल भरपाईमात्रको आधारमा भएकोले कार्यक्रम संचालन भएको यकिन गर्न नसकिएको रु. | १,२५४,२०० |

| गोश्वार भौचर नं. | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ४५-२०७८। ३।३१ | कार्यक्रम खर्च (वडा चालू) | १००००० | वडा नं. ५ मा माक्स सेनिटाइजर खरिद तथा चिया खाजा खर्च गरेकोमा उक्त सामाग्री खरिद गर्नको कारण र उपयोगको स्थिति एकिन नभएको । |
| ४७-२०७८। ३।३१ | कार्यक्रम खर्च (वडा चालू) | १००००० | वडा नं. ७ मा ८० बर्ष भन्दा माथिको वृद्ध असाहय तथा खाना नपुग्ने हरुलाई राहात वितरण कार्यक्रममा खर्च उल्लखे गरी रु. ९९०००/- बराबरको चामाल खरिद गरिएकोमा वितरणको भरपाई पेश नभएकोले खर्चको एकिन नभएको |
| ४६-२०७८। ९।१ | कार्यक्रम खर्च (वडा चालू) | १००००० | माक्स सेनिटाइजर तथा विकास निर्माण सम्बन्धि वृत्तीय विवरण संचालन गरेको भनि रु. १०००००/- भुक्तानी भुक्तानी भएकोमा वृत्त चित्र निर्माणको आधार पेश नभएको । |
| ४४-२०७८। ३।३१ | कार्यक्रम खर्च (वडा चालू) | १००००० | वडा नं ४ मा कार्यक्रम खर्च भनिएकोमा माक्स, सावुन तथा खाना/खाजाको विल पेश गरी भुक्तानी लिएकोमा कार्यक्रमको तयारी, संचालन, तथा प्रतिवेदन पेश नभएकोले कार्यक्रम संचालन गरी खर्च भएको भन्ने आधार प्रमाण पेश नभएको । |
| ५१-२०७८। १।२ | स्वास्थ सम्बन्धि सचेतना कार्यक्रम (वडा नं. ५ पूँजीगत) | २५०००० | पूँजीगत कार्यक्ररमबाट तीन दिने स्वास्थ्य सम्बन्धी तालिम संचालन भएको उल्लेख गरी १०० जना सहभागिको उपस्थिति भएको प्रमाण पेश गरी प्रशिक्षक खर्च १२०००/-, स्टेशनगरी ३८०००/- विविध तथा चिया खाजा खर्च रु. ५००००/- र सहभागि यातायात खर्च रु. १५००००/- खर्च गरेको छ । कार्यक्रम संचालनको लागि समयतालिका, लक्षित बर्षको छनौछ, कार्यक्रम संचालनको स्वीकृति, कार्यक्रम संचालन भएको स्थान कार्यक्रमको अनुगमन सम्बन्धि विवरण पेश नभएकोले कार्यक्रम भएको नभएको एकिन नभएको । |
| ६०-२०७८। ३।३० | जेष्ठ नारगरीक सम्मान कार्यक्रम | २००००० | वडा पूँजीगतबाट जेष्ट नागरिक सम्मान कार्यक्रम संचालन गरी १०० जना जेष्ठ नागरिक उपस्थित भएको विवरण पेश गरी उपस्थित संख्या भन्दा बढीको चिया/ खाजाको संख्या देखाइ रु. १२८१००/-, सम्मान सामाग्री रु, ५५०००/- र स्टेशनरी सामाग्री रु. १६९००/- को विल पेश गरेको छ । कार्यक्रमको लागत अनुमान स्वीकृति, उपस्थित जेष्ठनागरिकको यकिन, कार्यक्रम संचालन स्थान, अनुगमन प्रतिवेदन पेश नभएकोले कार्यक्रम संचालन गरी खर्च भएको हो भन्ने एकिन नभएको । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | (वडा नं. ५ पूँजीगत) | | | |
| | | | ३९-२०७८/३।२३ | कोरोना संक्रमण रोकथाम कार्यक्रम (वडा नं ७) | १००००० | माक्स, सेनिटाइजर, साबुनको विल भरपाई पेश भएकोमा वतरण गरेको भरपाई पेश नभएकोले कार्यक्रम भएको यकिन नभएको । | |
| | | | ४१-२०७८।३।२३ | विपद् प्रतिकार्य व्यवस्थापन (वडा नं ७) | ५०००० | कार्यालयले पाल, सिरक, मेट्रिक्स तथा सावुन खरिद गरेकोमा उपयोगको प्रयोजन नखुलेको | |
| | | | ३५-२०७८।३।२१ | वडा स्तरीय आमा समुह संजाल क्षमता विकास वडा नं ७ | १००००० | कार्यक्रमको लागत अनुमान तयार तथा स्वीकृत नभएको, सहभागीको उपस्थिति, कार्यक्रम संचालन भएको मिति तथा स्थान र प्रतिवेदन पेश नगरी चिया/खाजा र स्टेशनरी विल पेश गरेको आधारमा भुक्तानी भएकोले कार्यक्रम संचालन भएको एकिन नभएको | |
| | | | २१६-२०७७।३।२८ | ऐतिहासिक तथा साँस्कृतिक भ्रमण | १५४२०० | भ्रमण कार्यक्रम स्वीकृत, लागतअनुमान तयारी तथा क्रार्यक्रमको प्रतिवेद पेश नभएको तर विल भरपाई मात्र पेश गरी भुक्तानी भएकोले कार्यक्रम भए नभएको यकिन नभएको । | |
| | | | | जम्मा | १२५४२०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | 218 | २०७८-१-२८ | **सिलाई कटाइ तालिम**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठ, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनपर्ने, नियम ३९(८) मा स्वीकृत कार्यक्रम संचालित भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्तबाट स्वीकृत गराउनुपर्ने छ । पालिकाले वडा नं ७ र ८ मा ३ महिने सिलााई कटाई तालिम मिति २०७७।१२।२४ देखि मिति २०७८।३।२४ सम्मा संचलान गरेको पाइयो । नेपाल सरकारले कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८।१।१६ देखि सार्वजनिक गतिवधि नियन्त्रण गर्दै लकडाउन घोषणा गरेको अवस्थामा तालिम संचालन गरेको प्रमाण पेश गरेको साथै तालिमको लागत अनुमान स्वीकृति नगरेको, तालिममा उपस्थित सहभागिहरुको छनौट प्रकृया उल्लेख नगरेको, हाजिरी विवरण पेश नगरी रु ४५००००/- भुक्तानी भएकोमा कार्यकम भएको नभएको यकिन भएन । पालिकाले तालिम संचलान निर्णय गर्नका लागि २ पटक बैठक वसी वैठक भत्ता बापत रु २१००० भुक्तानी भएको छ । यसरी तालिम संचलान गर्नका लागि विनियोजित वजेटबाट कार्यालयको बैठकभत्ता भुक्तानी दिन मिल्ने आधार देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कृषक अनुदान**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले ऐन बनाउने र सोही ऐनको आधिनमा आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने व्यवस्था रहेको छ । गाउँपालिकाले समानिकारण बजेटबाट बाख्रा खरिद तथा वितरण कार्यक्रम संचालन गरी कृषकहरुलाई रु. १०५००००।– अनुदान वितरण गरेकोमा स्थानीय अनुदान सम्बन्धी कार्यविधि तथा मापदण्ड बनाएको छैन । गाउँपालिका कृषि विकास समितिको मिति २०७८।३।१ निर्णयानुसार देहायका बाख्रापालन समूह तथा फर्म छनौट गरी निकासा दिएको विवरण पेश गरेको भएता पनि लाभग्राहीको पहिचान, माग संकलन, लाभग्राही समूह तथा फर्म छनौटका लागि सूचना प्रकाशन, प्रकाशन भएको सूचना वमोजिम प्रस्ताव पेश, लाभग्राहीहरुको योग्यता निर्धारण सम्बन्धमा थप कार्य भएको देखिएन । कार्यक्रमलाई पारदर्शी तथा न्यायोचित माध्यमबाट संचालन गर्न आवश्यक कानून बनाएर मात्र कार्यक्रम संचालन गरिनुपर्दछ । | |

| गो.भौ.नं. | फार्म तथा समूहको नाम | अनुदान रकम |
|---|---|---|
| ४-२०७८।३।३० | कुन्ता देवी कृषि तथा पशु फर्म | १००००० |
| ५-२०७८।३।३० | देउराली कृषि तथा पशु फर्म | १००००० |
| ६-२०७८।३।३० | हिमालयन कृषि तथा पशु फर्म | १००००० |
| ७-२०७८।३।३० | योज्ञन कृषि तथा पशु फर्म | १००००० |
| ८-२०७८।३।३० | रामकृष्ण बाख्रा फर्म | १००००० |
| ९-२०७८।३।३० | दीर्घवृद्धि विलाश कृषि तथा पशुपंक्षी फर्म | १००००० |
| १०-२०७८।३।३० | बेलीचमेली एग्रो फर्म | १००००० |
| ११-२०७८।३।३० | शारदा दाहाल खत्री | ५०००० |
| १२-२०७८।३।३० | मनोज कार्की | ५०००० |
| १३-२०७८।३।३० | तिलक बोगटी | ५०००० |
| १४-२०७८।३।३० | गंगा बाख्रा फर्म | ५०००० |
| १५-२०७८।३।३० | विश्वास बाख्रा फर्म | ५०००० |
| १८-२०७८।३।३० | पर्मिला बाख्रा फर्म | १००००० |
| | जम्मा | १०५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **अनुगमन तथा भ्रमण खर्च**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सेवा सम्बन्धी ऐन, २०७५ को दफा ८ मा भ्रमण गर्दा सभाका सदस्यहरुको हकमा अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्नुपर्ने, भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा कर्मचारीहरुको भ्रमण आदेश कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसवर्ष पालकाको ८ वटै वडा कार्यालयमा भ्रमण तथा अनुगमन खर्च भनि जम्मा रु, २४०००००/- खर्च गरेको छ । कानून बमोजिम वडाअध्यक्ष तथा सदस्यहरुको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नुपर्ने र वडा कार्यालयको कर्मचारीहरुको भ्रमण आदेश कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्नेमा वडाका कर्मचारी तथा पदाधिकारीको भ्रमण आदेश वडा अध्यक्षबाट स्वीकृत भएको छ । कानून विपरित भ्रमण आदेश स्वीकृत गरी भुक्तानी भएको रकम नियमसंगत नदेखिएको रु. | २,४००,००० |
| ५५ | ४६ | २०७७-८-२५ | **कर विजक वेगर खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गुड अटोमोबाइल्स प्रालिलाई Customer Detail Trail Balance का आधारमा रु. २८४९३१/- भुक्तानी दिएको छ । प्रा.लि. ले विल विजक पेश नगरी भुक्तानी दिएको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने रु. | २८४,९३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **दाखिला नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व २०७७ को नियम ९५ मा कार्यालयबाट खरिद गरिएका मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले देहायको सामाग्री खरिद गरेकोमा दाखिला भएको भएको देखिएन । दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,३१४,४६९ |

| गो.भौ.नं. र मिति | सामाग्री विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १०८-२०७७/१०/१३ | प्रिन्टर टोनर | ७०००० | दाखिला नभएकोले प्रमाण पेश गर्नुपर्ने |
| ११०-२०७७।१०। १३ | कार्यालय सामाग्री | ९५५०० | दाखिला नभएकोले प्रमाण पेश गर्नुपर्ने |
| १५०-२०७७।११। १४ | त्रिपाल खरिद | ४९५३७५ | खरिद गरिएको २५० थान त्रिपालको दाखिला तथा प्रयोजन नखुलेकोले दाखिला तथा सामाग्री एकिन नभएको । |
| १९-२०७८।१।३ | डेस्कटप कम्प्युटर र प्रिन्टर ३/३ थान खरिद | २६७८१० | दाखिला भएको प्रमाण पेश गर्नुपर्ने |
| ३०-२०७८।३।९ | जेपी स्वास्थय युनिटको लागि फर्निचर खरिद | ९६००० | दाखिला भएको प्रमाण पेश गर्नुपर्ने |
| १९-२०७८।३।२५ | रोजगार सुदृढीकरण अन्तरगत डेस्कटप र ल्यापटप एक/एक थान खरिद | १८८००० | दाखिला भएको प्रमाण पेश गर्नुपर्ने |
| २१-२०७८।३।३० | प्रिन्टर खरिद | ४१८४९ | दाखिला भएको प्रमाण पेश हुनुपर्ने |
| २३-२०७८।३।३० | स्टेशनरी सामाग्री | ५९९३५ | दाखिला भएको प्रमाण पेश हुनुपर्ने |
| | जम्मा | १३१४४६९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>

**कर कट्टी रकम दाखिला नभएको**

आयकर ऐन, २०५८ को दफा ८८ अनुसारको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था रहको छ । देहायको बैठक भत्ता भुक्तानी गर्दा कर कट्टी गरेको रकम सम्बन्धितले दाखिला गरेको नदेखिएकोले उक्त रकम संघीय खातामा दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>कर बापतको रकम</th></tr>
<tr><td>१८-२०७८।३।६</td><td>प्र.अ.बैठक भत्ता वितरण</td><td>लक्ष्मी घिमिरे</td><td>६६००</td></tr>
<tr><td>१२-२०७७।१२।२२</td><td>शिक्षक दरवन्दि मिलन समितिको बैठक भत्ता</td><td>लक्ष्मी घिमिरे</td><td>७५००</td></tr>
<tr><td>२३-२०७८।३।६</td><td>गाउँ शिक्षा समितिको बैठक भत्ता</td><td>लक्ष्मी घिमिरे</td><td>६०००</td></tr>
<tr><td>३९४-२०७८।३।३०</td><td>विभिन्न समितिको बैठक भत्ता वितरण रु. ६८९०००</td><td>मनोहर बानिया</td><td>१०३३५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२३४५०</td></tr>
</table>

</td><td>१२३,४५०</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

**पकेट कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने वाली बस्तको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम तथा बाख्राको सानो व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचलान गरी देहायका समूह तथा फार्महरुलाई भुक्तानि दिएकोमा संझौतामा उल्लेख भए बमोजिम तालिम संचालन गर्नका लागि भुक्तानी भएको रकमबाट तालिम संचालन भएको देखिएन । तालिम संचलानको लागि छुट्याएको रकम असुल उपर गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं.</th><th>फार्म तथा समूहको नाम</th><th>भुक्तानी भएको रकम</th><th>तालिमको लागि भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>११-२०७८।३।३०</td><td>नयाँ गाउँ कृषक समूह</td><td>३०००००</td><td>४७०३६</td><td>तालिम संचलान नभएकोरु. ३०००० र समुहको लागत सहभागिता भन्दा कम लागत सहभागिता भएको रकम रु १७०३६/-</td></tr>
<tr><td>१२-२०७८।३।३०</td><td>घर बगैचा कृषि तथा पशु फार्म</td><td>३०००००</td><td>३००००</td><td>असुल उपर गर्नुपर्ने</td></tr>
<tr><td>१३-२०७८।३।३०</td><td>तीन दाजुभाई पशु तथा कृषि फर्म</td><td>३०००००</td><td>३००००</td><td>असुल उपर गर्नुपर्ने</td></tr>
<tr><td>१४-२०७८।३।३०</td><td>सिंहदेवी फलफुल विकास कृषि समूह</td><td>३०००००</td><td>३००००</td><td>असुल उपर गर्नुपर्ने</td></tr>
</table>

</td><td>३४२,९६७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १५-२०७८।३।३० | कमला कृषि फर्म | ३००००० | ३०००० | असुल उपर गर्नुपर्ने |
| १६-२०७८।३।३० | ध्रुवतारा विजक वृद्धि समुह | ३००००० | ७०९३१ | तालिम संचलान नभएकोरु. ३०००० र समुहको लागत सहभागिता भन्दा कम लागत सहभागिता भएको रकम रु ४०९३१/- |
| १७-२०७८।३।३० | हिमचुली जनजाति महिला कृषि समुह | ३००००० | ३०००० | असुल उपर गर्नुपर्ने |
| बाख्रा पकेट क्षेत्र | | | | |
| १८-२०७८।३।३० | संजय बाख्रा फर्म | ३००००० | १५००० | असुल उपर गर्नुपर्ने |
| १९-२०७८।३।३० | भिमसेन खर्च कृषक समूह | ३००००० | १५००० | असुल उपर गर्नुपर्ने |
| २०-२०७८।३।३० | चन्द्र एक कृषि तथा पशुपंक्षी फर्म | ३००००० | १५००० | असुल उपर गर्नुपर्ने |
| २१-२०७८।३।३० | गाउँवेसि बाख्रा पालन समुह | ३००००० | १५००० | असुल उपर गर्नुपर्ने |
| २२-२०७८।३।३० | मनकामना महिला कृषक समूह | ३००००० | १५००० | असुल उपर गर्नुपर्ने |
| | जम्मा असुल उपर गर्नुपर्ने रु | ३६००००० | ३४२९६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>संघीय सरकार वा प्रदेश सरकारबाट अख्तियारी सहित प्राप्त वा पालिकाका आफ्नै कार्यक्रम सञ्चालन गर्दा ती कार्यक्रम र अख्तियारीमा तोकिएको शर्त तरीका बमोजिम खर्च गरे नगरेकोस्थानीय तहमा सूचीकृतबेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८ योजना संचालन गरी १४७ जना लक्षित वर्गलाई २० दिन देखि १०० दिन रोजगारी उपलब्ध गराई ज्याला **वाप**त रु. ४९६०७०१।१६ /- खर्च लेखेका छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।<br>कामका लागि पारिश्रमिकमा आधारित सामदयिक योजना (सञ्चालन तथाव्यवस्थापन) कार्यविधि, २०७७ को दफा ३ स्थानीय तहले सूचीकृत वेरोजगार व्यक्तिलाई संलग्न गराई योजना संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष १२४ जना वेरोजगारी सूचीकृत गरेकोमा सूचीकृत मध्येबाट ६ जना मात्र रोजगार कार्यक्रममा संलग्न भएको पाइयो । योजनामा संलग्न १४७ जना मध्य १३९ जना सूचीकृत नभएकोले पालिकाले श्रमिकको समयमानै सूचीकृत गरेको देखिएन । कानून बमोजिम श्रमिकहरुको प्रणालीमा सूचिकरण गरिनुपर्दछ । | |
| ६० | | | **स्वास्थ्य तर्फ** | |
| ६०.१ | | | **बढी तलव भुक्तानी-** नेपाल सरकार(मं.प.) को मिति २०७६।४।१६ को निर्णयानुसार आर्थिक वर्ष २०७७।७८ को लागि सरकारी कर्मचारीहरुको लागि तलबमान तोकिदिएको छ । पालिकाले यस आर्थिक वर्षमा स्वास्थ्य तर्फका देहायको कर्मचारीहरुको तलव भुक्तानी गर्दा तोकिएको तलवमान भन्दा बढी रकम भुक्तानि दिएको देखिएकोले सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु | ५२,२५६ |

| कर्मचारीको नाम | तलबमान | भुक्ती रकम | बढी रकम | थप १० प्रतिशत र चाडपर्व सहित १ आ.व. को रकम |
|---|---|---|---|---|
| सिअहेव बेदहरी दाहाल | ३५९९० | ३६६३० | ६४० | ९०८८ |
| नर्सिङ अधिकृत शारदा राई | ३५९९० | ३६६३० | ६४० | ९०८८ |
| अनमी ज्ञान कुमारी दाहाल | २८२०० | २८६८० | ४८० | ६८१६ |
| अनमी मञ्जु सुनुवार | २८२०० | २८६८० | ४८० | ६८१६ |
| अनमी सोभिता दाहाल | २८२०० | २८६८० | ४८० | ६८१६ |
| अहेव जाङ्बु शेर्पा | २८२०० | २८६८० | ४८० | ६८१६ |
| अहेव भरत कुमार प्रधान | २८२०० | २८६८० | ४८० | ६८१६ |
| जम्मा | | | | ५२२५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | १८१ | २०७७-११-२५ | **विल भरपाइ पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका स्वास्थ्य संस्थाहरुलाई रु.४२००००/-भुक्तानी दिएको रकमको खर्च पुष्टी हुने विल भरपाई पेश नगरेकोले खर्चको पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने रु. | ४२०,००० |

| क्र स | स्वास्थ्य संस्थाको नाम | रकम |
|---|---|---|
| १ | स्वास्थ्य चौकी रामपुर | ७०००० |
| २ | स्वास्थ्य चौकी कुन्तादेवी | ५०००० |
| ३ | स्वास्थ्य चौकी प्राप्चा | ५०००० |
| ४ | स्वास्थ्य चौकी हर्कपुर | ५०००० |
| ५ | स्वास्थ्य चौकी श्रीचउर | ५०००० |
| ६ | स्वास्थ्य चौकी पात्ले | ५०००० |
| ७ | स्वास्थ्य चौकी राँगादीप | ५०००० |
| ८ | स्वास्थ्य इकाई यान्दा | ५०००० |
|  | जम्मा | ४२०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०.३</td><td></td><td></td><td>फिल्डभत्ताःनेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक रु. २२५०/- का दरले स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु. १६२०००/- भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>कर्मचारीको नाम र पद</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अनमी ज्ञानकुमारी दाहाल</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>अनमी मञ्जु सुनुवार</td><td>२७०००</td></tr>
<tr><td>३</td><td>अनमी लक्ष्मी कुमारी बानीया</td><td>२७०००</td></tr>
<tr><td>४</td><td>अहेव भरत कुमार प्रधान</td><td>२७०००</td></tr>
<tr><td>५</td><td>अहेव जांबु शेर्पा</td><td>२७०००</td></tr>
<tr><td>६</td><td>अनमी सोमिता दाहाल</td><td>२७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६२०००</td></tr>
</table></td><td>१६२,०००</td></tr>
<tr><td>६१</td><td>30</td><td>२०७८-३-२२</td><td>समानीकरणबाट तलव खर्च<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी संख्या भन्दा बढी शिक्षक आवश्यक परेको जनाई २८ जना स्वयं सेवक शिक्षक नियुक्ति गरी यो वर्ष प्रदेश अनुदान श्रोततर्फबाट रु. ३००००००/- तलब भत्ता भुक्तानी गरेको छ । विकास निर्माणको लागि प्राप्त अनुदान तलव भत्तामा खर्च गरेको अनियमित देखिएको रु</td><td>३,०००,०००</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>शिक्षक दरवन्दि र पदपूर्ति<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विभिन्न ३८ विद्यालय</td><td>१९६</td><td>१९६</td><td>८७</td><td>४८०६</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २५ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **सामाजिक सुरक्षा** | |
| ६३.१ | | | **एम.आई.एस. विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाउँपालिकालबाट प्राप्त एम आई एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा नागरिकता प्रमाण पत्र नं. नभएको, नागरिकता प्रमाण पत्र नं. दोहोरिएको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यू भै सकेका लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको ब्यक्तिलाई दोहोरो जान सक्ने, मृत्यू भैसकेका व्यक्तिहरुको नाममा भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ ।<br><br>**प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३ मा स्थानीय तहको आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ता चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसूची-६ को ढाँचामा तयार गरी उपनियम-२ मा तोकिएको समयभित्र विभाग तथा प्रदेश सामाजिक सुरक्षा हेर्ने निकायमा पठाउनुपर्नेमा सो अनुसार पठाउने गरेको देखिएन ।<br><br>**परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया, स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । | |
| ६३.२ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस. लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था गरेको छ । तर पालिकाले यस वर्ष रु. ५,९०,८५,८९०/- भत्ता वितरण गरेकोमा प्रथम चौमासिकको रकम सम्बन्धित वडाका वडा सचिवलाई रु १८१४८००० पेश्की दिई वितरण गरेको पाइयो । दोश्रो तथा अन्तिम चौमासिक रकम बैकिङ्ग प्रणाली मार्फत वितरण गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छः<br><br>बैकको नाम / वितरण गरिएको वडा हरु / दोश्रो चौमासिम निकासा / अन्तिम चौमासिक निकासा / जम्मा निकासा / वितरण भइ बाँकी रहेको फिर्ता रकम<br>सनराइज बैक / ३, ४, ५, ६, ७ र ८ / १२१७३७२२ / १३८७८६०० / २६०५२३२२ / १७६६८८३<br>मुक्तिनाथ बैक / १ र २ / ७५१११६८ / ७५४२८०० / १५०५३९६८ / ०<br><br>मुक्तिनाथ विकास वैकलाई दोश्रो र अन्तिम चौमासिक रकम लाभग्राहीको खातामा जम्मा गर्न रु १५०५३९६८/- निकासा गरेकोमा पालिकाले बैकबाट लेखापरीक्षण अवधि सम्म बैक स्टेटमेन्ट तथा रिभर्स फिड प्राप्त गरेको छैन । निकासा गरेको कति रकम लाभग्राहीको खातामा जम्मा भयो तथा बैंकबाट फिर्ता गर्नुपर्ने रकम कति बाँकी रहेको सम्बन्धमा विवरण प्राप्त नभएकोले एकिन गर्न नसकिएको रु. | १५,०५३,९६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फछ्र्यौट गरी रु ५०५१०४/- सम्परीक्षणको लागि पेश गरेकोमा रु. ४८५४२०/- सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा नं.</th><th>सम्परीक्षणको व्यहोरा र ठहर</th><th>संपरीक्षण रकम</th></tr>
<tr><td>२०७६/७७</td><td>२६</td><td>छ महिना नपुगी चाडपर्व भुक्तानी रकम दाखिला भएको प्रमाण पेश भएको रु</td><td>८५४२०</td></tr>
<tr><td>२०७६/७७</td><td>४२</td><td>विउ वितरण गरेको भरपाई पेश भएको रु</td><td>४००००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४८५४२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>अध्यावधिक वेरुजू<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>(रु. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>४९५९९</td><td>४८५</td><td>४९०७२</td><td>०</td><td>९८१८६</td></tr>
</table></td><td></td></tr>
</table>